**Budget Session**

संसदको बजेट सत्र आजदेखि शुरू भएको छ। श्रीमती निर्मला सितारामनले भोली 2024-25-को बजेट प्रस्तुत गर्नुहुनेछ। अगस्त महिनाको बाह्र तारिक समाप्त हुने यस वर्षको बजेट सत्रमा सोल्हवटा बैठक हुनेछन्। यो सत्र विशेषगरी 2024-25-को केन्द्रिय बजेटसित सम्बन्धित वित्तीय व्यवसायसित समर्पित हुनेछ। यस सत्रअवधि सरकारले छहवटा नयाँ विधेयक प्रस्तुत गर्ने अनुमान छ, जसमा आपदा प्रबन्धन (संसोधन) विधेयक, बोयलर विधेयक, भारतीय वायुयान विधेयक, कफी (संवर्धन एवं विकास) विधेयक र लाबर (संवर्धन एवं विकास) विधेयक शामेल छन्।

आर्थिक सर्वेक्षण 2023-24-मा वित्त वर्ष 2024-25-का लागि सकल घरेलू उत्पादको वृद्धि दर साढे छह-देखि सात प्रतिशतबीच रहने अनुमान लगाइएको छ। केन्द्रिय वित्त मन्त्री श्रीमती सीतारामनले आज बजेट सत्रको पहिलो दिन दुवै सदनमा आर्थिक सर्वेक्षण पेश गर्नुभयो। सर्वेक्षणअनुसार वित्त वर्ष 2023-24-मा अनिश्चित वैश्विक आर्थिक निष्पादन हुँदाहुँदै पनि घरेलू वृद्धि कारकले आर्थिक विकासमा सहयोग गरेको छ।

--------------------------------------X--------------------------------------

**LS Special Assistance**

केन्द्र सरकारले राज्यहरूलाई पूञ्जीगत व्यय र निवेशको विशेष सहायता पूर्न:गठित र विस्तारित योजना जारी राख्ने निर्णय लिएको छ। राज्य सरकारहरूबाट यस योजनाको बारेमा प्राप्त सकारात्मक प्रतिक्रियाको आधारमा यो निर्णय लिइएको हो। केन्द्रिय वित्त मन्त्रीको राज्य सरकारका वित्त मन्त्रीहरूसित बजेट पूर्व बैठकमा पनि राज्यहरूका लागि पूञ्जीगत व्ययको विशेष योजनाको समर्थन गरिएको थियो। वित्त राज्य मन्त्री श्री पंकज चौधरीले आज लोकसभामा एउटा लिखित उत्तरमा यो जानकारी दिनुभयो। उहाँले भन्नुभयो, केन्द्रिय वित्त मन्त्रीले अन्तरिम बजेट 2024-25-को भाषणमा राज्यहरूका लागि पूञ्जीगत व्यय र निवेशको विशेष योजना 2024-25-को घोषणा गर्नुभएको थियो र यसका लागि एक लाख तीस हजार करोड रूपियाँभन्दा अधिकको योजनागत खर्च आवन्टित गरिएको थियो। यस योजनाअन्तर्गत राज्य सरकारहरूलाई नागरिकहरूमाथि केन्द्रित र विशेष क्षेत्रसित जोड़िएको लक्ष्य आधारित आर्थिक सुधारको प्रक्रिया पूरा भएमा पचहतर करोड रूपियाँको सहायता राशि उपलब्ध गराइनेछ। यो योजना वित्त वर्ष 2020-21-मा शुरू गरिएको थियो।

--------------------------------------X--------------------------------------

**Soreng Circular**

सोरेङ जिल्ला प्रशासनिक कार्यालयको पहलमा आगामी सत्ताइस जुलाईमा स्वच्छ पानी स्वस्थ हामी विषयमा सोरेङ जिल्ला भित्रका सबै पानीका मुहानहरू र ट्याङ्कीहरुको व्यापक सर-सफाई

गरिने भएको छ। जिल्लाधीश श्री धिरज सुवेदीले आज परिपत्र जारी गर्दै यस विषयको जानकारी दिनुभयो। वर्ष 2023-मा शुरु गरिएको यस अभियानअन्तर्गत प्रतिवर्ष सत्ताइस जुलाईका दिन आम नागरिकले आ-आफ्नो क्षेत्रका पिउने पानीका मुहान र ट्याङ्कीहरुको व्यापक सर-सफाई गर्ने गर्दछन्।

जिल्ला प्रशासनले ग्रामीण विकास विभागका अतिरिक्त जिल्लाधीशको समन्वयमा खण्ड प्रशासनिक कार्यालय, ग्राम प्रशासनिक कार्यालय, स्थानीय जनप्रतिनिधि, संघ-संस्था र आम नागरिकलाई यस दिन सक्रिया रूपमा सहभागिता जनाइदिने आह्वान गरेको छ। कार्यक्रमलाई सफल तुल्याउन ग्रामीण विकास विभाग र जनस्वास्थ्य अभियान्त्रिकी विभागले तकनिकी सहयोग गर्ने अनि यस अभियानलाई मध्यनजर राख्दै कम्तिमा पनि दुई दिनको निम्ति पानी सञ्चय गर्ने पनि सर्वसाधारणलाई अपील गरिएको छ। अशुद्ध र मैला पानी पिउनाले विभिन्न बिमारी हुने भएकाले पानीका मुहानहरू र ट्याङ्कीहरू सफा गर्न घरबाट कमतिमा पनि एकजना यस अभियानमा उपस्थित भइदिने परिपत्रमार्फत अनुरोध गरिएको छ।

---------------------------------------x---------------------------------------

**Coordination Meeting Pakyong**

पाकिमको जिल्ला प्रशासनिक केन्द्रमा आज उत्तरपूर्वी क्षेत्रका लागि मिशन जैविक मूल्यश्रृंखला विकास (MOVCD-NER) चरण-छह योजनाअन्तर्गत जिल्ला स्तरीय निगरानी समितिको पहिलो बैठक बस्यो। समितिका अध्यक्ष पनि रहनुभएका जिल्लाधीश श्री अग्वाने रोहन रमेशले सत्रको अध्यक्षता गर्ने क्रममा योजनाका लागि कार्यान्वयन रणनीतिको समीक्षा गर्दै समितिका सदस्यहरूलाई योजनाको प्रभावशीलता बढ़ाउन आवश्यक गतिविधि गर्ने निर्देश दिनुभयो। यसका साथै उहाँले योजनाका निम्ति गर्न सकिने कार्य र वर्षभरीका लागि एउटा कार्यक्रम निर्धारित गर्ने सल्लाह दिनुभयो, जसमा किसान उत्पादक संगठनहरूका लागि प्रशिक्षण सत्र शामेल छ।

---------------------------------------x---------------------------------------

**Governor with HM**

राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले आज नयाँ दिल्लीमा केन्द्रिय गृह मन्त्री श्री अमित शाहसित भेट गर्नुभयो। यस अवधि दुई नेताबीच सिक्किमको प्रगति र विकासमाथि केन्द्रित चर्चा परिचर्चा भयो।

राज्यपालले भेटअवधि केन्द्रिय गृह मन्त्रीसित भएको फलदायक चर्चाको निम्ति खुशी व्यक्त गर्दै राज्यलाई समृद्धिको दिशामा अघि बढाउनमा रहेको उहाँको नेतृत्वको प्रशंसा गर्नुभयो।

---------------------------------------x---------------------------------------

**Freedom Run**

गान्तोकको जिल्ला प्रशासनिक केन्द्रले सिक्किम सरकारको सामाजिक कल्याण विभागसितको सहकार्यमा नशामुक्त भारत अभियानको एक भागको रूपमा Freedom Run-को आयोजना

गर्ने भएको छ। पुरूष र महिला दुवै वर्गका निम्ति रहेको यो प्रतियोगिता अगस्त महिनाको तीन तारिक बिहान पाँच बजेर तीस मिनटदेखि गान्तोक नजिक रेसिथाङ खेल मैदानमा सम्पन्न हुनेछ। पाँच र दश किलोमिटरको यस दौड़ प्रतियोगिताका निम्ति प्रतिभागीहरूले यसै महिनाको अट्ठाइस तारिक बेलुकी बाँच बजीसम्ममा आफूलाई पञ्जीकृत गराउनुपर्नेछ। यसका निम्ति पञ्जीकरण निःशुल्क रहेको छ।

यता मंगन जिल्ला प्रशासनिक केन्द्रले पनि पाँच किलोमिटरको खुल्ला म्याराथन प्रतियोगिता आयोजन गर्ने भएको छ। प्रतियोगिताका निम्ति इच्छुक प्रतिभागीहरूले विज्ञापनमा उल्लेख गरिएअनुसार QR कोर्डमार्फत पनि आवेदन गर्न सक्नेछन्।

----------------------------------------x----------------------------------------